# नेपाल टेलिकम

## NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष


प.सं ०७९।८०

च.नं. प्रे.वि.नं. ३६

मिति- २०८०।०२।२३

नेपाल टेलिकमका कर्पोरेट ग्राहक र डेटा सुरक्षा सम्बन्धमा यसैसाथ संलग्न प्रेस विज्ञप्ति प्रकाशन/ प्रसारण गरिदिनु हुन अनुरोध छ ।

**प्रेस विज्ञप्ति**

२०७९ जेठ २२ मा एक अनलाइन न्युज पोर्टलमा नेपाल टेलिकमका सेवाका सुरक्षाप्रति शंका व्यक्त गर्दै प्रकाशित समाचारप्रति कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल टेलिकमले ग्राहकको गोपनियतालाई सधै सम्मान गर्ने र यसको सुरक्षा र गोपनियतामा एकरत्ति पनि सम्झौता हुन नदिने प्रति सबै ग्राहक महानुभावहरुलाई आश्वस्त हुन अनुरोध गर्दछौं ।

राज्यका अधिकारप्राप्त निकायबाट हुने कुनै अनुसन्धानको प्रक्रियामा प्रचलित कानुन बमोजिम सम्मानित अदालतको आदेशपछि मात्र अन्य दूरसञ्चार सेवा प्रदायकहरुले झैं कम्पनीले विवरणहरु उपलब्ध गराउने गरेको छ । कम्पनीका सेवाहरु अत्यन्त भरपर्दो र सुरक्षित बनाई ग्राहकवर्गको गोप्यता कायम गर्न हामी अत्यन्त समवेदनील रहेको व्यहोरा जानकारी गराउँदै कम्पनीका सेवा निर्धक्क भएर प्रयोग गर्नुहुन अनुरोध छ ।

पछिल्लो समयमा कम्पनीका सेवाका संस्थागत प्रयोगकर्ताहरु उल्लेख्य रुपमा बढिरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

शोभन अधिकारी
प्रवक्ता
नेपाल टेलिकम


सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालिप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०२०२
प्रवक्ता : ०१४२१०३०९
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२